# प्रेस विज्ञप्ति- ३००

# Press Release- 300

लागु औषध नियन्त्रण ब्यूरो
Narcotics Control Bureau
कोटेश्वर, काठमाडौं।
मिति: २०७८।०९।२० गते।

## नियन्त्रित लागु औषध डाईजेपाम २३१६ एम्पूल, फेनारगन २३५० एम्पूल, नुर्फिन २३३४ एम्पूल गरी जम्मा ७००० एम्पूल सहित १७ जना मानिसहरु पक्राउ।

१. मिति २०७८।०८।२६ गते का.जि.का.म.न.पा. ६ बौद्द महाकाल पानी ट्याङकीबाट जिल्ला सिन्धुली हरिहरपुरगढी गा.पा. ७ स्थायी वतन भएका बर्ष २३ को **संग्राम मुक्तान** र ऐ .ऐ ठेगाना भएका बर्ष २८ को **पंच स्याङतानलाई** संग साथै रहेको अवस्थामा निजहरुको साथबाट **नियन्त्रित लागु औषध डाईजेपाम १६६ एम्पुल, फेनारगन १७० एम्पुल र बुफ्रेनोर्फिन १७५ एम्पुल,** सहित पक्राउ गरेको र उक्त कारोबारमा संलग्न जिल्ला मोरङ बिराटनगर म.न.पा.वडा नं. १४ स्थायी ठेगाना **भएका सुरज सिंह ठकुरी**, परिवर्तित नाम **लागु औषध नियन्त्रण ब्यूरो कोटेश्वर ङ र च** समेतलाई सगं साथै रहेको अवस्थामा मिति २०७८।०८।२७ गते का.जि.का.म.न.पा.वडा नं.७ चावहिल चोकबाट नियन्त्रणमा लिएको, मिति २०७८/०९/१९ गते का.म.न.पा. १० नयाँ बानेश्वरबाट **नियन्त्रित लागु औषध डाईजेपाम १०० एम्पुल, फेनारगन १०० एम्पुल र बुफ्रेनोर्फिन १०० एम्पुल** सहित का.जि.का.न.पा. १६ बालाजु बस्ने दिपक महर्जनलाई नियन्त्रणमा लिएको साथै उक्त नियन्त्रित लागु औषध पठाउने ब्यक्ति तत्काल सिन्धुली कारागारमा लागु औषध मुद्दामा कैद भुक्तान गरी रहेका भारतीय नागरिक **गुड्डु गुप्ता भएको**, निजलाई फोन सम्पर्क गराई सहयोग गर्ने गराउने तत्काल सिन्धुली कारागारमा नै रहेका **सन्तोष स्याङ्तान रहेको र निजहरु हाल** रौतहट कारागार कार्यालयमा रहेकाले झिकाई वयान लगाएतको अनुसन्धान कार्य भईरहेको। कारागारमा रहेका गुड्डु गुप्ताले भने अनुरुप कारोबारमा प्रयोग भएको रकम झिक्न तथा पठाउन सहयोग पुर्याउने कारागार कार्यालय सिन्धुलिका कार्यालय सहयोगि बर्ष ३९ कि **रीता सारूमगरलाई** समेत नियन्त्रणमा लिई थप अनुसन्धान कार्य भईरहेको ।

**कारोबारमा संलग्न ब्यक्तिको भूमिका**

- **गुड्डु गुप्ताले** सिन्धुली कारागारका टेलिफोन नाईके रहेका सन्तोष स्याङतानलाई आर्थिक प्रलोभनमा पारी कारागार भित्रबाट निरन्तर फोनको प्रयोग गर्ने गरेको।
- **गुड्डु गुप्ताले** काठमाण्डौका बिभिन्न स्थानमा डेरा कोठा खोजिदिई **संग्राम मुक्तान, पंच स्याङतान, सुरज सिंह ठकुरी,** परिवर्तित नाम लागु औषध नियन्त्रण ब्यूरो कोटेश्वर **ङ र च** समेतलाई मासिक तलब १५ हजार दिने गरी लागु औषध बिक्रि गर्ने काममा प्रयोग गरेको।
- निजहरुले **गुड्डु गुप्ताले** भने अनुसारका ब्यक्तिहरुलाई मात्र लागु औषध बिक्रि गर्ने गरेको। गुड्डु गुप्ताले नै लागु औषध पठाउने ब्यक्तिको सम्बन्धमा निजहरुलाई जानकारी दिने र निश्चित स्थानमा लिन जाउ भन्ने गरेको । निजहरूको लागु औषध ल्याईदिने र लैजाने ब्यक्तिहरुसँग पूर्व चिनजान नभएको ।
- **गुड्डु गुप्ताले** बिक्रिबाट प्राप्त हुने पैसा निश्चित ब्यक्ति तथा कारागारका कार्यालय सहयोगि **रीता सारूमगर लगायतको** नाममा मनि ट्रान्सफरबाट पठाउ भनि भन्ने गरेको र **पंच स्याङतान** समेतले सोही अनुरुप पठाउने गरेको।
- सिन्धुलि कारागारका कार्यालय सहयोगि **रीता सारूमगरले** जम्मा भएको पैसा निकाली निजलाई उपलब्ध गराउने गरेको।
- **गुड्डु गुप्ताले** प्राप्त रकम कारागारका कार्यालय सहयोगि **रीता सारूमगर**लाई दिई, पठाउने ब्यक्तिहरुको नाम ठेगाना उपलब्ध गराई रकम जम्मा गर्न लगाउने र रीता सारूमगरले सोही अनुरुप नगद जम्मा गर्ने गरेको।
- यस कारोबारमा संलग्न अन्य ब्यक्तिहरुको सम्बन्धमा थप अनुसन्धान कार्य भईरहेको ।

**नोट**

- निज **गुड्डु गुप्ता २०६८ सालमा लागु औषध नियन्त्रण ब्यूरो कोटेश्वरले लागु औषध खैरो हेरोईन ७०० ग्राम मुद्दामा पक्राउ गरी काठमाण्डौ जिल्ला अदालतको ०६९।०७।२१ गतेको फैसलाले १८ बर्ष कैद भई हाल रौतहट कारागारमा रहेको।**
- **सन्तोष स्याङतानलाई २०७६ सालमा जि.प्र.का. सिन्धुलीले ५५ के.जि. गाँजा सहित पक्राउ गरी जिल्ला अदालत सिन्धुलीबाट भएको फैसलाले ५ बर्ष कैद सजाय भई हाल रौतहट कारागारमा रहेको।**

२.  मिति २०७८।०९।०७ गते जिल्ला भक्तपुर, भक्तपुर न.पा. वडा नं. ७ दिव्यश्वरी खेल मैदानबाट **नियन्त्रित लागु औषध डाईजेपाम २३ एम्पुल, फेनारगन २२ एम्पुल र बुप्रेनोर्फिन २३ एम्पुल, सहित** जिल्ला भक्तपुर, भक्तपुर न.पा. वडा नं. ५ स्थायी वतन भएका बर्ष ३३ को **कृष्ण राम धुकुछु**, ऐ.ऐ. स्थायी वतन भएका बर्ष ३३ को **बिष्णु कुमार देउला** र जिल्ला रामेछाप सुनपाती गा.पा. वडा नं. ४ स्थायी वतन भई हाल भक्तपुर बस्ने बर्ष २६ को **भुषण लामा समेतलाई** पक्राउ गरिएको र निजहरुलाई उक्त लागु औषध उपलब्ध गराउने जिल्ला धादिङ्ग गजुरी गा.पा. वडा नं. ६ स्थायी वतन भई काठमाडौं थानकोट बस्ने बर्ष ५० की **नानी मैया लामा मिजारलाई** मिति २०७८।०९।०८ गते का.जि.का. म.न.पा. वडा नं. १४ कंलकीबाट पक्राउ गरिएको । निज नानीमैया लामालाई लागू औषध उपलब्ध गराउने जिल्ला सप्तरी बोदे वरसाईन न.पा.वडा नं.८ ठेगाना भएका बर्ष ३० की **रम्बा देवी दासलाई** मिति २०७८।०९।१२ गते का.जि.का.म.न.पा.वडा नं. ९ स्थितमा रहेको होटेल मदिना एण्ड गेष्ट हाउसबाट **नियन्त्रित लागु औषध डाईजेपाम ३०० एम्पुल, फेनारगन ३०० एम्पुल , नुफ्रीन ३०० एम्पुल** र **लेबलिङ् गर्ने स्टिकर** सहित पक्राउ गरिएको र सो कारोबारमा संलग्न जिल्ला सप्तरी बोदे वरसाईन न.पा.वडा नं.८ ठेगाना भएका वर्ष २४ को **पप्पु यादव** र जिल्ला सप्तरी बोदे वरसाईन न.पा.वडा नं.७ स्थायी ठेगाना भएका बर्ष ३१ को **मोहमद रफिक रैन रदिनलाई** समेत सोही मितिमा पक्राउ गरिएको । साथै निजहरु मध्ये रम्बा देबी दास र मोहमद रफिक रैन रदिनले का.जि.का.म.न.पा ०९ शम्भुमार्ग स्थित होटल लालिगुरास हिमालयनको कोठा नं. ३०३ मा लुकाई छिपाई राखेको अबस्थामा सो होटलको कोठाबाट **डाईजेपाम १०४५ एम्पुल, फेनारगन ११३० एम्पुल, बुप्रेनोर्फिन १०५५ एम्पुल र प्याकिङ गर्ने टेप** मिति २०७८।०९।१६ गते बरामद गरी थप अनुसन्धान कार्य भई रहेको ।

**<u>नोट</u>**

- **नानी मैया लामा मिजार** लागू औषध नियन्त्रण ब्यूरोले २०७२/११/०९ गते पक्राउ गरी काठमाण्डौ जिल्ला अदालतको फैसलाले एम्पूल मुद्दामा २ बर्ष कैद १ लाख पचास हजार जरिवाना भई सो भुक्तान गरेकी ।
- **रम्बा देवी दास** २०७५/१२/२९ गते पक्राउ परि काठमाण्डौ जिल्ला अदालतको फैसलाले एम्पूल मुद्दामा **२ बर्ष** कैद १ लाख जरिवाना भई सो भुक्तान गरेकी ।
- **बिष्णु कुमार देउला** भक्तपुर जिल्ला अदालतको फैसलाले २०६४ सालमा भएको कर्तव्य ज्यान मुद्दामा **१० बर्ष** कैद भुक्तान गरेका ।
- **कृष्ण राम धुकुछु** भक्तपुर जिल्ला अदालतको फैसलाले वैवाहीक करणी मुद्दामा **१८ महिना** कैद २०० रुपैया जरिवाना भुक्तान गरेका ।

३.  मिति २०७८।०९।११ गते का.जि.का.म.न.पा.वडा नं. ६ बौद्ध रामहिटी स्थितबाट जिल्ला सिन्धुपाल्चोक सुनकोठी गा.पा ०३ स्थायी ठेगाना भएका **अनुज थापामगरलाई डाईजेपाम ३ एम्पुल,फेनारगन ३ एम्पुल . बुप्रेनोर्फिन नुफ्रिन ३ एम्पुल,** सहित पक्राउ गरिएको र निजलाई लागू औषध दिने जिल्ला संखुवासभा मकालु गाउँपालिका वडा नं.२ ठेगाना भई बौद्ध रामहिटी बस्ने बर्ष २० को **नविन गुरूङलाई डाईजेपाम १५ एम्पुल,फेनारगन १५ एम्पुल . बुप्रेनोर्फिन नुफ्रिन १५ एम्पुल** सहित पक्राउ गरिएको र निजलाई लागू औषध दिने जिल्ला मोरङ साविक मृगौलिया गा.बि.स.वडा नं.२ स्थायी ठेगाना भई बौद्ध बस्ने बर्ष ३० को **मन्दिप लिम्बुलाई** का.जि.का.म.न.पा.वडा नं. ६ बौद्ध रामहिटी स्थितबाट **नियन्त्रित लागु औषध डाईजेपाम ६६४ एम्पुल,फेनारगन ६१० एम्पुल, बुप्रेनोर्फिन नुफ्रिन ६६३ एम्पुल,** सहित पक्राउ गरि वयान लगाएतको अनुसन्धान कार्य भई रहेको ।

**<u>नोटः</u> अनुज थापामगरलाई** बौद्धबाट मिति २०७७/०९/१० गते लागु औषध एम्पुल मुद्दामा पक्राउ गरी कानुन बमोजिम कारवाहि भएको ।

**उल्लेखित ब्यक्तिहरुको सम्बन्धमा लागु औषध (नियन्त्रण) ऐन २०३३ अन्तरगर्त म्याद लिई थप बिस्तृत अनुसन्धान गर्ने कार्य भईरहेको ।**




**प्रहरी उपरीक्षक**
**(जीवन कुमार श्रेष्ठ)**
**सम्पर्क नं. ९८५११३२७४३**
प्रहरी प्रवक्ता एवं सूचना अधिकारी


Narcotics Control Bureau
लागू औषध नियन्त्रण ब्यूरो
ESTD:1992
काठमाण्डौ
लागू औषध अपराधको गोप्य सूचना प्रहरीलाई !
नियन्त्रित लागू औषध एम्पूल १९९१ पिस
अनुज थापा मगर






भारतीय नागरिकको लागू औषध सञ्जाल
Group: 1st
Seized 811 Amp.